परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily

राष्ट्रिय दैनिक

वर्ष : २ / अंक : १४३ / पृष्ठ ४ / २०८० कार्तीक १६ गते, बिहिबार / 2 Nov., 2023 / मूल्य रु. ५/-

हामीलाई www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।



समाचार पृष्ठ ४ मा

गौशालामा वोक्सीको आरोप लगाउँदै कुटपिट : ४ जना घाईते, एक धामी प्रहरी नियन्त्रणमा

## कक्षा ९ की छात्रा खातुन बनिन्

# मधेस प्रदेशको शिक्षामन्त्री




● टक नेपाल

जनकपुधाम । अन्तर्राष्ट्रिय बालिका दिवसको अवसर कक्षा ९ मा अध्ययनरत एक छात्रा एक दिनका लागि मधेस प्रदेशको शिक्षा तथा संस्कृतिमन्त्री बनेकी छन् । शिक्षा तथा संस्कृतिमन्त्री महेशप्रसाद यादवले एक दिनका लागि जनकनन्दनी गाउँपालिकामा रहेको विद्यालयको कक्षा ९ मा अध्ययनरत फरक क्षमता (अपांग) भएकी १८ वर्षीया रजिना खातुनलाई पद तथा मन्त्रीको जिम्मेवारी हस्तान्तरण गरेका हुन् । मन्त्री यादवले बालिकाको मनोवल उच्च बनाउन पछाडि परेका मुस्लिम समुदायकाका किशोरीलाई प्रतिकात्मक रूपमा आफ्नो मन्त्रीको पद तथा कुर्सी हस्तान्तरण गरेका हुन् । अन्तर्राष्ट्रिय बालिका दिवसको अवसर पारेर प्लान इन्टरनेसन नेपालले विकासको कामसहित बालिका, किशोरी तथा महिलाको सशक्तिकरण गर्ने अभियानअन्तर्गत विभिन्न पदहरूमा बालिकाहरुलाई पदासीन गराएर उनीहरूको आत्मबललाई बलियो बनाउने प्रयास गरिरहेको छ । एक दिनका लागि मन्त्रीको पद पाएकी किशोरी खातुनले सार्वजनिक विद्यालयमा भएका समस्या तथा समाधानको विषयमा मन्त्री यादवलाई जानकारी दिँदै समाधानका लागि प्रयास गर्नका लागि आग्रह गरिन् ।

बाँकी पृष्ठ ३ मा

प्रिन्सिपल सर्राफ हत्या प्रकरण

# प्रहरीद्वारा ५ जना आरोपी सार्वजनिक



● टक नेपाल

वीरगञ्ज । बाराको कलैयाका प्रिन्सीपल गुड्डु भनिने रुपेश स्वर्णकारको हत्या पूर्व प्रेमिकाको योजनामा भएको खुलेको छ । पूर्व प्रेमिकासहित घटना मासंलग्न आरोपमा ५ जनालाई बारा प्रहरीले बुधबार सार्वजनिक गरेको हो । विवाहेत्तर प्रेम सम्बन्धका कारण स्वर्णकारको हत्या भएको निष्कर्ष छ । योजनाकार उनको पूर्व प्रेमिका २२ वर्षीया राधा गुप्ता, स्थानीय ३४ वर्षीय जामिल अख्तर, कलैया-९ का रियाज अन्सारी, भारतीय नागरिक चन्दन कुमार र अभिनव कुमार र ाजपुतलाई सार्वजनिक गरेको छ। प्रहरीका अनुसार राधा र मृतक रुपेशबीच प्रेम सम्बन्ध थियो । राधाको अभिनव कुमार गुप्तासंग पनि विहेत्तर प्रेम सम्बन्ध रहेको खुलेको छ । मनोज पनि विवाहित हुन् । उनीसंग राधाको तीनवर्षदेखि प्रेम सम्बन्ध रहेको प्रहरीले जनाएको छ । भारतीय नागरिक चन्दन र अविनवलाई प्रहरीले सुटर समूहको सदस्य भनेको छ भने राधा गुप्ता मुख्य योजनाकार भनेको छ । चार जनै सुटरहरु भने फरार छन् । सुटरहरु पनि भारतीय नागरिक हुन् । रुपेशसंग पनि राधाको प्रेम सम्बन्ध रहेको कारण मनोज र मृतक रुपेशबीच तीब्र विवाद भएको प्रहरी निष्कर्ष छ । त्यही झगडामा स्वर्णकारलाई गोली हानेर हत्या गरिएको प्रहरीले निष्कर्ष निकालेको छ । सोमबार मध्याह्न साढे १२ बजे तिर स्वर्णकार (गुड्डु) खाजा लिन घरबाट ५ सय मिटरको दूरीमा रहेको रोजबेरी होटलतिर गएका थिए । चाउमिन बोकेर फर्किँदा पौने १ बजेको थियो । मोटरसाइकलमा आएका चार जनाले कम्तिमा पाँच गोली प्रहार गरी भागेका थिए । स्वर्णकारको वीरगञ्ज स्ति बायोधन अस्पतालमा मृत्यु भएको थियो । अनुसन्धानमा संलग्न अधिकृतहरुले यसअघि पनि स्वर्णकारमाथि आक्रमणको प्रयास भएको बताएका छन् । यद्यपि, त्यसबेला यो विषय प्रहरीसम्म पुगेको थिएन । मृतक स्वर्णकार प्रिन्सील रहेको कलैया उपमहानगरपालिका-६ स्थित बाल एकता बोर्डिंग स्कुलमा केहि समय राधा शिक्षिकाको रुपमा कार्यरत्त थिइन् । त्यही बेला उनको स्वर्णकारसंग प्रेम सम्बन्ध बसेको थियो । त्यही विषयमा मनोज गुप्तासंग स्वर्णकारको विवाद भएपछि राधालाई जागिर बाट निकालिएको प्रहरीको अनुसन्धानमा खुलेको छ ।









परिवर्तनका लागि एक नयाँ आवाज
टक नेपाल
Talk Nepal National Daily
राष्ट्रिय दैनिक

## सम्पादकीय

# जलवायु परिवर्तनलाई रोक

जलवायु परिवर्तनका कारण नेपाललगायत विश्वले भोग्नुपरेको पीडाका बारेमा ठूला-ठूला छलफल भए पनि त्यसको समाधानमा भने कसैले चासो दिएको पाइँदैन । नेपाल जलवायु परिवर्तनको मारमा परेको छ । दुई छिमेकी मुलुक चीन र भारतमा उत्पादन भएको कार्बनका कारण नेपाल त्यसको मारमा परेको छ । नेपालमा ठूला उद्योग, कलकारखाना नभए पनि दुई ठूला छिमेकी मुलुकले उत्पादन गरेको कार्बनका कारण नेपालका हिमताल तथा हिमालहरुमा प्रत्यक्ष असर परेको छ । नेपाल भ्रमणमा रहनुभएका संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले जलवायु परिवर्तनको असर कम गर्न हिमाल र हिमनदी जोगाउन आग्रह गर्नुले पनि नेपाल यसबाट पीडित बन्दै आएको प्रस्ट हुन्छ । चार दिने नेपाल भ्रमणका क्रममा एन्टोनियोले ठूला राष्ट्रले उत्पादन गरेको कार्बनका कारण नेपाललगायतका गरिब राष्ट्रहरु मारमा परेकाले जलवायु परिवर्तनलाई कम गर्न सबै एक भएर अघि बढ्न आग्रह गरे पनि ठूला भनिएका मुलुकहरु भने यसको रोकथामका लागि तयार भएको नदेखिनुलाई दुःखद पक्ष मान्नुपर्दछ । ठुला मुलुकहरुले कार्बन उत्सर्जन गर्ने मुलुकलाई दिने सहायतामा समेत पक्षपात गर्ने गरिएकाले नेपालजस्ता मुलुक पीडित बन्दै आएका छन् । जलवायु परिवर्तनका कारण विश्वको तापमानमा समेत वृद्धि भएको छ । यसले विश्वलाई पारेको असरका बारेमा छलफल भए पनि यसको प्रभावकारी नियन्त्रणका लागि भने खासै पहल भएको पाइँदैन । कार्बन उत्पादन गर्ने मुलुकले यसमा ध्यान नदिने हो भने विश्वमा एकदिन ठूला महाप्रलय नआउलान् भन्न सकिँदैन । जलवायु परिवर्तनका कारण विश्वभर नै भिन्न-भिन्न प्रकारको समस्या देखा पर्दै आएकाले यसको रोकथामका लागि राष्ट्रसंघले पहलकदमी लिए पनि यसका लागिगर्नुपर्ने काममा खासै अघि बढेको देखिँदैन । जलवायु परिवर्तनबाट पीडित समुदायको रक्षा गर्न र जलवायु अनुकूलनका लागि धेरै कोष भए पनि त्यसको उचित प्रयोग नहुनु, त्यस्ता कोषहरुको प्रयोगमा देखिएको बेथितिले गर्दा पीडितहरु थप पीडामा परेको अहिलेको अवस्थालाई राष्ट्रसंघले पहलकदमी लिनुपर्ने देखिन्छ । नेपाल भ्रमणमा रहनुभएका महासचिव एन्टोनियोले नेपालका हिमालहरु संकटमा परेको र यसलाई बचाउनका लागि आफूले पहलकदमी लिने कुरा बताउनुले नेपाल यसको मारबाट बच्न सक्छ कि भन्ने झीनो आशा गर्ने ठाउँ पलाएको छ । जे होस्, नेपालजस्ता मुलुक जलवायु परिवर्तनको मारमा पर्न नदिन विश्व समुदायले फेरि एकपटक आवाज उठाउनुपर्ने बेला आएको छ । यसका लागि नेपाली शासकहरुले अन्तर्राष्ट्रिय मञ्चहरुमा आफ्ना भनाइहरु दर्बिलोरुपमा राख्नुपर्ने देखिन्छ । ठूला र धनी राष्ट्र रिसाउलान् कि भन्ने भ्रमबाट मुक्त भएर देश जोगाउने काममा शासकहरु लाग्न सके नेपालका हिमताल र हिमालको संरक्षण गर्न सकिने थियो कि !

## नेपाली क्रिकेट टोली विश्वकपमा छनोट भएमा
# नोबेल मेडिकल कलेजले रु १५ लाख दिइने

• टक नेपाल

काठमाडौं । नोबेल मेडिकल कलेज टिचिङ अस्पतालले आइसिसी ट्वान्टी २० विश्वकप एसिया क्षेत्र फाइनल छनोटको खेलमा नेपाल फाइनलमा पुगेमा राष्ट्रिय क्रिकेट टोली र अफिसियलाई प्रोत्साहनस्वरुप रू १५ लाख दिने घोषणा गरेको छ। अस्पतालका प्रमुख कार्यकारी अधिकारी डा भोगेन्द्रप्रसादद्वारा आज जारी प्रेस विज्ञप्तिमा राष्ट्रिय क्रिकेट टिम र अफिसियलाई एकमुष्ट रू १५ लाख दिने उल्लेख गरिएको छ। अस्पतालले उक्त प्रतियोगिताको फाइनल खेलमा पनि नेपाल विजयी भएमा थप रू पाँच लाख प्रदान गर्ने विज्ञप्तिमा जनाएको छ । नोबेल मेडिकल कलेज टिचिङ अस्पतालका पूर्वअध्यक्ष तथा




प्रबन्ध निर्देशक र हाल मोरङ क्षेत्र नं ३ का प्रतिनिधिसभा सदस्य डा सुनिलकुमार शर्माको अगुवाइमा उक्त अस्पतालले खेलाडीहरुलाई निःशुल्क एवम् सहुलियत शुल्कमा स्वास्थ्य उपचार सेवा प्रदान गर्दै आइरहेको पनि सो विज्ञप्तिमा उल्लेख गरिएको छ । नेपालमा क्रिकेट खेलको विकासमा सानो भए पनि सहयोग पुगोस् र खेलाडीमा हौसला प्रदान होस् भनेर सो प्रोत्साहन रकमको व्यवस्था गरिएको सांसद डा शर्माले बताउनुभयो। कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालयको क्रिकेट मैदान र माथिल्लो मूलपानी क्रिकेट मैदानमा भइरहेका उक्त प्रतियोगितामा नेपाल सेमिफाइनलमा पुगेको छ । नेपालले पहिलो खेलमा सिङ्गापुरलाई आठ विकेटले पराजित गर्दै विजयी भएको थियो भने दोस्रो खेलमा मलेसियालाई ६ विकेटले हराएउँदै सेमिफाइनलमा पुगेको हो । अर्को वर्ष अमेरिका र वेस्ट इन्डिजमा आयोजना हुने ट्वान्टी २० विश्वकपको अन्तिम छनोटमा नेपालसहित आठ टोलीले प्रतिस्पर्धा गरिरहेका छ्न । जसमा प्रतियो गिताबाट शीर्ष दुई टोली विश्वकपको लागि छनोट हुनेछन्। नेपाल समूह 'ए'मा परेको छ । नेपालको समूहमा सिङ्गापुर, मलेसिया र ओमान छन्। त्यस्तै समूह 'बी' मा संयुक्त अरब इमिरेट्स (युएई), हङकङ, बहराइन र कुवेत छन् । नेपालले अब आफ्नो तेस्रो खेल भोलि ओमानसँग खेल्नेछ।

# बृहत्तर जनकपुर क्षेत्र विकास परिषद खारेज हुने

• टक नेपाल

जनकपुरधाम । बृहत्तर जनकपुर क्षेत्र विकास परिषद गम्भीर विवादमा रहेको बेला संस्था नै खारेज गर्न अर्थ मन्त्रालयले निर्णय गरेको छ। अर्थ मन्त्री स्तरीय निर्णयबाट बृहत्तर खारेज गर्न संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई पत्राचार समेत गरिसकिएको छ। अर्थ मन्त्रालयले पर्यटन, संस्कृति मन्त्रालयलाई पठाएको पत्रमा 'स्थापनाको उद्देश्य अनुरुप केही काम नभएको' उल्लेख गरिएको छ । त्यसैगरि अर्थ मन्त्रालयले प्रदेश तथा स्थानीय तहले बृहत्तरको अपनत्व र स्वामित्वसमेत नलिएको पर्यटन मन्त्रालयलाई जनाउ दिएको छ। दुईवटा प्रमुख कारण उल्लेख गर्दै अर्थ मन्त्रालयले खारेज गर्ने निर्णयको जनाउ पर्यटन मन्त्रालयलाई दिइएको छ । मन्त्रालयले जनकपुर क्षेत्रको विकासमा स्थानीय तह र प्रदेश तहले काम गर्नसक्ने अर्थ मन्त्रालयले भनेको छ । चालु आर्थिक वर्षको साउनदेखि हालसम्म बृहत्तर जनकपुर क्षेत्र विकास परिषदका कर्मचारीहरुले तलव, सुविधा पाएका छैनन् । बृहत्तरको तलव, सुविधा लगायतका सम्पूर्ण बजेट रोक्का गरिएकाले कर्मचारीहरु तिहार र छठमा समेत तलव पाउने सम्भावना न्यून रहेको छ । बृहत्तरमा हाल २२ जना कर्मचारी कार्यरत छन् । त्यसमध्ये २१ जना कर्मचारीले हस्ताक्षर गरी संस्थाका अध्यक्ष शितल साहलाई कार्यालय प्रवेश निषेध गरेका छन् । साहले कार्यालयको सरकारी गाडीलाई निजी प्रयोजनमा बाहिर नै प्रयोग गरिरहेको कर्मचारीहरुको आरोप छ । अध्यक्ष शितल साहले मंगलबार कार्यालय बाहिर पत्रकार सम्मेलन गरी दोष कर्मचार ीहरुमाथि थोपारेका छन् । उनले कर्मचारीहरुले लगाएको ११ बुंदे आरोपमा सत्यता नभएको दाबी गरे । साहले कार्यालय प्रवेशका लागि प्रशासनिक सहयोग मागे पनि कडा सुरक्षा प्रबन्ध मिलाइए पनि कार्यालय हातामा प्रवेश नगरि भागेको आरोप कर्मचारीहरुले लगाएका छन् । उनलाई कार्यालयमा प्रवेश गराउन जिल्ला प्रहरी कार्यालय धनुषाले प्रहरी इन्सपेक्टरको कमाण्डमा टोली खटाएका थिए । तर उनी गाडीसहित कार्यालयमा नछिरी बाहिरबाटै गाडीसहित गएको उनीहरुको आरोप छ । अर्थ मन्त्रालयले बृहत्तर खारेजको निर्णयसहित पर्यटन, संस्कृति तथा नागरिक उड्डयन मन्त्रालयमा पठाएको पत्र कारबाहीको प्रक्रियामा रहेको छ । अर्थ मन्त्रालयले मंसिर मसान्त भित्र खारेजको प्रक्रियालाई सम्पन्न गर्नसमेत पर्यटन मन्त्रालयलाई भनेको छ । अर्थको पत्र योजना र बजेट हुँदै बृहत्तरको खारेजीको अन्तिम प्रक्रियामा पुगेको स्रोतले जनाएको छ । अर्थमन्त्रालयले बृहत्तरको नाममा चालु आर्थिक वर्ष भित्र बजेट विनियोजन गरेको छैन् । संस्था नै खारेजको अन्तिम प्रक्रियामा पुगेको बेला बृहत्तर अस्तव्यस्त बनेको छ । कर्मचारीहरुले तलव पाएका छैनन् । अध्यक्ष साहले भने तलव, सुविधा खोजी रहेका छन् । बृहत्तरको स्वामित्व ग्रहण गर्न प्रदेश सरकार र स्थानीय निकाय तयार नभएपछि खारेज हुने निश्चित जस्तै भएको छ । अर्थ मन्त्रालयले एउटा पालिका मात्र कार्यक्षेत्र भएको संस्थालाई पालिकामा हस्तान्तरण गर्ने, एक भन्दा बढी जिल्ला कार्य क्षेत्र भएका संस्थालाई प्रदेश र २ वटा प्रदेश अथवा सो भन्दा बढी कार्य क्षेत्र भएका संस्थालाई मात्र संघीय सरकार अन्तर्गत राख्ने नीति अनुसार नै बजेटमा व्यवस्था गरेको छ ।

आजको PDF अनलाईन पढ्नका लागि क्यूआर कोड स्क्यान गर्नुहोला ।

## आवश्यक टेलिफोन नम्बरहरु

| | | | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल | १०० | IRDs समाज सहकारी अस्पताल | ५५०४०१ |
| जिल्ला प्रहरी कार्यालय जलेश्वर | ५२०१९९ | सिटि केयर हस्पीटल वर्दिवास | ५५०५२७ |
| ईलाका प्रहरी कार्यालय बर्दिबास | ५५०००६ | छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला ट्रा.प. कार्यालय | ५५००५५ | ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| नेपाल पत्रकार महासंघ, महोत्तरी | ५२०५१५ | बर्दिवास दुरसञ्चार | ५५०००० |
| शुभ स्वस्तिक हस्पिटल | ५५०२५५ | नेपाल रेल्वे जनकपुरधाम | ५२०२११ |
| बर्दिबास अस्पताल | ५५००९० | जनकपुर आँखा अस्पताल | ५२०३९७ |
| रेडक्रस एमबुलेन्स | ५२०१०० | प्रदेशिक अस्पताल जनकपुरधाम | ५२००३३ |
| वारुण यन्त्र (दमकल) | ५२००९७ | सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| नेपाल विद्युत वितरण केन्द्र, गौशाला | ५५६०८९ | एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| जलेश्वर अस्पताल | ५२००७० | एम्बुलेन्स (मारवाडी सेवा समिति) | ५२२७६२, ५२१७८४ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ | एम्बुलेन्स (जानकी मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ | महाविर युवा कमिटी एम्बुलेन्स | २५९८० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ | ईलाका प्रहरी कार्यालय गौशाला | ९८५४०९००५० |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ | रेडियो गौशाला ९३.६ मेगाहर्ज | ९८२४८७२९६० |

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | मिहिनेतले सम्मानित स्थान दिलाउनेछ। मान-सम्मान प्राप्त हुनेछ। | तुला | जिम्मेवारीले व्यस्त बनाउनेछ तर शरीरमा कमजोरी अनुभूति हुनेछ। |
| बृष | नयाँ कामको प्रस्ताव आउनेछ र साथ दिनेहरू बढ्नेछन्। | वृश्चिक | घुमफिर तथा मनोरञ्जनको समय छ। |
| मिथुन | आकस्मिक खर्च बढ्नुका साथै अर्थ अभाव देखापर्ला। | धनु | विवाद तथा मुद्दाहरूमा आफ्नो पक्ष बलियो रहनेछ। |
| कर्कट | रकम हातलागी भए पनि काममा ढिलाइ हुँदा लक्ष्यमा पुग्न विलम्ब हुनेछ। | मकर | सुखद समाचारले उत्साह जगाउनेछ। |
| सिंह | प्रतिष्ठित काम गर्ने अवसर प्राप्त हुनेछ। विशिष्ट व्यक्तिहरूसँग मित्रता बढ्नेछ। | कुम्भ | अरूको फाइदाका लागि उपयोग भइनेछ भने अप्ठ्यारा परिस्थितिसँग सम्झौता गर्नुपर्ला। |
| कन्या | सामाजिक काममा रुचि बढ्नेछ। आवश्यक पर्दा सहयोगीहरूको साथ पाइनेछ। | मीन | नयाँ काम प्रारम्भ गर्ने समय छ। चिताएको काममा सोचेजस्तै सफलता मिल्नेछ। |

राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस् ।

# आममाफी पाएका थापा ज्यान मार्ने धम्की दिएको आरोपमा पक्राउ

• टक नेपाल


web pic

भरतपुर । अपहरण गरी ज्यान मार्ने धम्की दिँदै रु २५ लाख माग गरेको आरोपमा एक व्यक्तिलाई प्रहरीले पक्राउ गरेको छ । कात्तिक ८ गते भरतपुर महानगर पालिका-१ बस्ने सोमराज सुवेदीलाई फोन गरी अपहरणको धम्की दिने ५५ वर्षको रामचन्द्र थापालाई प्रहरीले भरतपुरको मालपोत चोकबाट रकम माग गर्दै गरेको अवस्थामा सोमबार पक्राउ गरेको हो। उनले गत जेठ १५ गतेको गणतन्त्र दिवसमा आममाफी पाएका थिए । पत्रकार सम्मेलन गरेर पक्राउ परेको थापालाई सार्वजनिक गर्दै चितवन प्रहरीले बारम्बार अपरि चित मोबाइल नम्बरबाट फोन गरी उनले अपहरणको धम्की दिएको जानकारी दिएको छ । थापाले हिन्दी भाषा प्रयोग गरी सुवेदी र उनको छोरालाई गोली हानी हत्या गर्छु भन्दै सो को बदलामा रु २५ लाख माग गरेको चितवन प्रहरीले जनाएको छ । प्रहरी निरीक्षक उमाशङ्कर प्रसाद साहको नेतृत्वमा विशेष प्रहरी टोली परिचालित भई सोमबार साँझ अभियुक्त थापालाई पक्राउ गरिएको जनाइएको छ । मकवानपुर हेटौँडा उपमहानगर पालिका स्थायी ठेगाना भएका थापा भरतपुर महानगरपालिका-९ मा बस्दै आएको प्रहरी नायब उपरीक्षक विजयराज पण्डितले जानकारी दिनुभयो । चितवन प्रहरीका अनुसार अभियुक्त थापाविरुद्ध यसअघि चोरीसम्बन्धी कसुर, डाँका कसुर, लागुऔषधसम्बन्धी कसुरमा विभिन्न समयमा मुद्दा दर्ता भएको थियो । अभियुक्त थापा चितवन जिल्ला अदालतबाट डाँका मुद्दामा ९ वर्ष कैद तोकिएकामा गत जेठ १५ गते गणतन्त्र दिवसका अवसरमा ४ वर्ष ६ महिना तीन दिन कैद भुक्तान गरी भरतपुर कारागारबाट छुटेका थिए ।

अमेरिकामा
बसोबास तथा रोजगारको
सुनौलो अवसर
EDV 2025
कान्तिपुर डिजिटल कलर ल्याब
& फोटो स्टूडियो
मेनरोड बर्दिबास- १, महोत्तरी
सम्पर्क नं. : ०४४-५५०५९५/९८५४०२०५९५

# मन्त्रीको गाडीको ठक्करबाट तीनजना घाइते

• टक नेपाल

सर्लाही । सर्लाहीमा मधेश प्रदेश सरकारका मन्त्री चढ्ने गाडीको ठक्करबाट तीन युवक घाइते भएका छन् । घाइते मध्ये एकको अवस्था गम्भीर छ। बरहथवा नगर पालिका-९, मुक्तेश्वर चोकमा मधेश प्रदेश सरकारका ऊर्जा, सिंचाइ तथा खानेपानी राज्यमन्त्री शेख अबुल कलाम आजाद चढ्ने मधेश प्रदेश ०२-००१ झ ०२४० नम्बरको जिपले बा ४३ प १२६३ नम्बरको मोटरसाइकललाई ठक्कर दिँदा मोटरसाइकलमा सवार ३ जना घाइते भएका हुन् । दुर्घटनामामा परेर बरहथवा ५ बस्ने १८ वर्षीय सुमन महतो, चन्द्रनगर गाउँपालिका ५ मोहनपुर बस्ने १८ वर्षीय दीपक महतो र वाग्मती नगर पालिका-१० शंकरपुर बस्ने १९ वर्षीय अजय महतो घाइते भएको प्रहरीले जनाएको छ । घाइते तीनै जनाको वीरगन्जमा उपचार भइरहेको छ भने अजयको अवस्था चिन्ताजनक रहेको इलाका प्रहरी कार्यालय बरहथवाले जनाएको छ । दुर्घटनापछि चालक र त्यसमा सवार अन्य व्यक्ति गाडी छाडेर फरार भएपछि आक्रोशित स्थानीयले गाडीमा तोडफोडसमेत गरेका छन् ।

# सरकारी कार्यालय आजदेखि ४ बजेसम्म मात्र खुल्ने

• टक नेपाल

काठमाडौँ । देशभरका सबै सरकारी कार्यालय आज (बिहीबार) देखि अपराह्न ४ बजेसम्म मात्र खुल्ने भएका छन्। सरकारले राजपत्रमा प्रकाशित गरेको सूचना अनुसार कात्तिक १६ गतेदेखि माघ १५ गतेसम्म नेपाल राज्यभरका सबै सरकारी कार्यालय बिहान १० बजेदेखि अपराह्न ४ बजेसम्म मात्रै खुल्नेछन् । यो अवधिमा शुक्रबारको दिन भने ३ बजे नै कार्यालय बन्द हुने गृह मन्त्रालयले जनाएको छ। जाडो समयमा दिन छोटो हुने भएकाले हरेक वर्ष तीन महिना कार्यालय समय एक घण्टा घटाउने गरिएको छ । गृह मन्त्रालयका अनुसार सरकारी कार्यालयहरू वैशाख १ गतेदेखि आज (बुधबार) कात्तिक १५ गतेसम्म र माघ १६ गतेदेखि चैत मसान्तसम्म बिहान १० बजेदेखि अपराह्न ५ बजेसम्म सञ्चालन हुनेछन् ।

# कक्षा ९ की छात्रा खातुन बनिन्.......

कार्यक्रममा बोल्दै मन्त्री यादवले मधेस प्रदेश शिक्षा र साक्षरताको दृष्टिकोणले निक्कै पछाडि परेकाले नै प्रदेश सरकारले साक्षर प्रदेश अभियान चलाउन लागेको बताए । उनले प्रदेशको शिक्षाको सुधारका लागि यसै महिनामा संघीय सरकार, स्थानीय सरकारको प्रमुख, उपप्रमुख, शिक्षा शाखा प्रमुख, विद्यार्थी संगठन तथा शिक्षक संगठनका प्रतिनिधिहरू राखेर बृहत अन्तरक्रिया गर्न लागेको र त्यसपछि प्रदेश सरकारले शिक्षा सुधारको अभियान चलाउने बताए । प्लान इन्टरनेसन नेपाल मधेस प्रदेशका प्रमुख रविशंकर पण्डितले बालिका, किशोरी तथा महिलालाई सशक्त बनाउनका लागि यस्ता प्रकारको अभियान चलाउँदै आएको बताउँदै सन् २०२२ मा १०७ जना र २०२३ मा हालसम्म ५० जनालाई विभिन्न पदहरू पदासीन गराएर उनीहरूको मनोबल बढाउने प्रयास भएको बताए ।

प्रो. सुरेश चौधरी मो. ९८५११०९९१९, ९८०६८००९१९
श्री गणेश ईन्जिनियरिङ्ग मर्मत केन्द्र
बर्दिवास-१ (बर्दिबास ट्राफिक कार्यालयको अगाडी)

यहाँ लेथ सम्बन्धी सानो, ठुला गाडी, ट्रेक्टरको टेलर, व्यालडिङ्गर क्रसरको सम्पूर्ण मर्मत काम गरिनुका साथै ट्रस, ग्रिल कम्पाउन्ड, स्टिल रलिङ, गार्डेन पिंग, बालमैत्री खेलौना, व्याम समाग्री, विद्यालयका लागि आवश्यक खेलौना सम्बन्धि सम्पुर्ण काम सुपथ मुल्यमा गरिन्छ ।

अब बर्दिबसमै खुल्यो सुविधा सम्पन्न अस्पताल
साई मल्टिस्पेसियालिटी हस्पिटल एण्ड ट्रमा सेन्टर
बर्दिबास न.पा.-१, महोत्तरी (यातायात कार्यालयको सामुने)
हाम्रो सेवाहरु

२४ सै घण्टा इमरजेन्सी सेवा
२४ सै घण्टा मिडियो एक्स-रे सेवा
२४ सै घण्टा ट्रमा (हाड जोर्नी तथा नसा रोग)
२४ सै घण्टा बाल रोग विशेषज्ञ सेवा
इण्डोस्कोपी कोलोनोस्कोपी सेवा
हाड जोनी तथा नशा रोग सेवा
कान, नाक, घाँटी, आँखा, मुख तथा दाँत रोग सेवा
HDU, ICU, NICU सेवा
२४ सै घण्टा डिलेभरी सेवा
२४ सै घण्टा अपरेशन सेवा
२४ सै घण्टा ल्याब, प्याथोलोजी सेवा
छाती, मुटु तथा पेट रोग विशेषज्ञ
पेट, आन्द्रा, लिभर एवं छाती रोग विशेषज्ञ
विशेषज्ञ डाक्टरद्धारा दैनिक OPD सेवा
9801673409, 9801673410, 9801673411, 9801673412, 9801673415

## बर्दिबास नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बर्दिबास, महोत्तरी (मधेश प्रदेश), नेपाल

### टिकट काउन्टर ब्यबस्थापन गर्ने सम्बन्धि सूचना

प्रस्तुत विषयमा बर्दिवास नगरपालिका वडा नं. १ स्थित बर्दिवास चौक पुर्वपश्चिम राजमार्गको दाँया बाँया र सिन्धुली सडकको दाँया बाँया संचालन गरेको बिभिन्न सार्वजनिक सवारी साधन जस्तै सुमो, हाईस, वींगर, मिनिबस, बिधुतिय मिनि बस समेत (बर्दिवास काठमाण्डौ जाने) र जनकपुर बिरगंज जाने सवारी साधन को बुकिंग काउन्टर समेत अस्तब्यस्त रुपमा संचालन हुँदा पैदली यात्री लगाएत बजार सौन्दर्यकरणमा समेत असर गरेको भनि बिभिन्न व्यक्ति तथा बजार व्यवस्थापन तथा सरसफाई समिति समेतले निबेदन दिएको सन्दर्भमा यो पत्र लेखिएको ब्यहोरा अनुरोध छ आजको मितिले ७ (सात) दिन भित्र उक्त बुकिंग काउन्टरहरु सडक क्षेत्रभित्र बाट अन्यत्र ब्यवस्थापन गर्न सम्बन्धीत सबैमा अनुरोध छ।

-अधिकृत

खुशीको खबर सिन्धुली जिल्लामा पहिलो पटक प्याराग्लाइडिङ उडान संचालमा आएको छ । प्याराग्लाइडिङ गर्न चाहने व्यक्तीलहरुले आफ्नो नाम बुकिङ्ग गराउन चाहेमा हामिलाई सम्फनुहोस् ।

सुशिल ढकाल
०४४-५५०६७०, ९८४९७३२९९७
सम्पर्कको लागि
श्री कुसुम कृषि सहकारी संस्था
बर्दिबास, महोत्तरी

# गौशालामा वोक्सीको आरोप लगाउँदै कुटपिट : ४ जना घाईते, एक धामी प्रहरी नियन्त्रणमा

• धनवीर महतो



गौशाला । वोक्सीको आरोप लगाउँदै कुटपिट गर्दा गौशालामा ४ जना घाईते भएका छन् । गौशाला नगरपालिका ११ लक्ष्मिनियाँका राजेन्द्र चमार को घरमा पसि कुटपिट गर्दा उनको श्रीमती एतवरिया देवी, छोरा सुरेन्द्र राम, वुहारीहरु समतोलिया देवी र सुन्दरदेवी घाईते भएका छन् । घाईतेहरुको जनकपुरमा उपचार भईरहेको प्रहरीले जनाएको छ । स्थानिय नथुनी भनिने चन्द्रशेखर यादवको अगुवाईमा घरमा पसेको चार जनाको एक समुहले कुटपिट गर्दा उनीहरु घाईते भएको स्थानिय अजयकुमार कुशवाहाले जनाएको छ । ती समुहले एतवरिया नजर लगाएपछि गाँउघरका वच्चाहरु विरामी परेकोले दिसा खुवाएर गाँउघर घुमाउनुपर्छ भन्दै गाली वेईज्जती गर्न थालेपछि विवाद उग्ररुप भएको थियो । सोही क्रममा सन्तोष यादवले एतवरिया देवीको चुल्टो समाति भुईमा घिसार्न थालेपछि वचाउन गएको समयमा ती समुहले आफुहरुमाथि पनि जाँई लागेको पिडित राजेन्द्र चमारले बताए । कुटपिटबाट श्रीमती र वुहारीको अवस्था गम्भीर रहेको चमारले जानकारी दिएका छन् । यता पिडितपक्षले घटनाको सम्बन्धमा सुक्ष्म रुपमा अनुसन्धान गरि ईलाका प्रहरी कार्यालय गौशालामा न्यायको लागि जाहेरी दर्ता गरिएको पिडित चमारले बताए । त्यस्तै धामी विनोद पासवानलाई प्रहरी नियन्त्रणमा लिई थप अनुसन्धान भईरहेको ईलाका प्रहरी कार्यालय गौशालाले जनाएको छ ।

# सोनमा गाउँपालिकामा महिला जेष्ठ नागरिक र विधवाहरुलाई कपडा वितरण सुरु



• नरेन्द्र महतो

गौशाला । महोत्तरीको सोनमा गाउँपालिकामा महिला जेष्ठ नागरिक र विधवाहरुलाई कपडा वितरण सुरु गरिएको छ । हिन्दुहरुको महान चाड पर्वलाइ लक्षितगरी सोनमा गाउँपालिकाले महिला जेष्ठ नागरिक र विधवाहरुलाई कपडा वितरण सुरु गरिएको छ । सोनमा गाउँपालिका वडा नं. ६ बाट कपडा सुरु गरी वडा नं. ७ सुन्दरपुरमा वितरण भइरहेको कुरा वडा अध्यक्ष इन्द्रजित यादवले बताएको छ । यस्तै प्रत्येक वडामा कपडा वितरण हुने अध्यक्ष यादवले बताएको छ । कपडा वितरण गर्ने क्रममा वडा नं. ६ मा लगभग ३५० जना महिला जेष्ठ नागरिक र विधवाहरुलाई कपडा वितरण गरिनेछ । वुधवार वडा न.७ को कार्यालयमा २२४ जना महिलाहरुलाई कपडा वितरण गरेका छन । गाउँपालिका बाट वितरण भइरहेको कपडाहरु महिला जेष्ठ नागरीक र एकल महिलाहरुलाई ८ वटै वडामा वितरण गर्ने सोनमा गाउँपालिका अध्यक्ष बिशेश्वर प्रसाद यादवले जानकारी दिएका छन ।

# हत्या भएका प्रिन्सिपल रुपेशका परिवारको गुनासो– घटना अन्यत्र मोड्न प्रहरीले मृतकको चरित्रहत्या गऱ्यो



• टक नेपाल

वीरगञ्ज । गत सोमबार हत्या गरिएका बाराको कलैयास्थित बाल एकता ईंग्लिस बोर्डिङ स्कूलका प्रिन्सिपल गुड्डु भनिने रुपेश सर्राफ (स्वर्णकार)का परिवारले घटनाको अनुसन्धान बारे प्रश्न उठाएका छन् । परिवारका एक सदस्य सुमो दकुमार सर्राफले बुधवार साँझ एक विज्ञप्ति जारी गर्दै घटनालाई अन्यत्र मोड्न प्रहरीले मृतकको चरित्रहत्या गरेको आरोप लगाएका हुन् । जिल्ला प्रहरी कार्यालय, बाराले बुधवार दिउँसो पत्रकार सम्मेलन गरेर त्रिकोणात्मक प्रेमका कारण रुपेशको हत्या भएको जनाएको थियो । मुख्य योजनाकार रुपेश प्रिन्सिपल रहेकै विद्यालयकी पूर्वशिक्षिका तथा लेखापाल २२ वर्षीय राधा गुप्ता रहेको बताएको थियो । जिप्रकाका प्रवक्ता डीएसपी ददीराम न्यौपानले विवाहेत्तर सम्बन्धले हत्यासम्मको स्थिति निम्त्याएको बताएका थिए । राधाको रुपेशसँगै भारतीय नागरिक मनोज गुप्तासँग पनि प्रेम सम्बन्ध रहको र यही कारण नै हत्याको कारण रहेको प्रहरीको दाबी थियो । राधाले भारतीय नागरिक मनोज गुप्तासँग मिलेर सुटरलाई भाडामा लिएर हत्या गरेको देखिएको डीएसपी न्यौपानले बताएका थिए । प्रहरीको यही भनाइप्रति असन्तुष्टि जनाउँदै रुपेशको परिवारले विभिन्न ८ बुँदे असन्तुष्टि जनाएको छ । दिनदहाडै भएको हत्याबाट सिर्जित हुन सक्ने अवस्था तथा सुरक्षा चुनौतीलाई थेग्न नसक्ने अवस्थाबाट मुक्ति पाउन प्रहरीले मुद्दालाई अन्यत्र मोड्ने प्रयास गरेको परिवारको आरोप छ । मृतकलाई अस्पताल पुर्याउने विद्यालयका कर्मचारी रियाज अन्सारी तथा घटनास्थलमा हुँदै नभएका विद्यालयकै अर्का कर्मचारी जमिल अख्तर अन्सारीलाई बिनाप्रमाण हत्यामा सहयोगीको आरोप लगाइ फसाउन खोजिएको परिवारको दाबी छ । सोमवार (१२ गते) २ वटा मोटरसाइकलमा आएको समूहले रुपेशको गोली हानेर हत्या गरेको थियो । प्रहरीले भने राधासँगै उनका अर्का प्रेमी भारतीय नागरिक मनोजसहित ५ जना घटनामा संलग्न रहेको दाबी गर्दै बुधवार सार्वजनिक गरेको थियो ।

# २५ लाखको सामानसहित मिनीट्रक महोत्तरी प्रहरीको नियन्त्रणमा

• टक नेपाल

गौशाला । महोत्तरी प्रहरीले भन्सार छलिका २५ लाखभन्दा बढी मूल्यको मालसमानसहित मिनी ट्रक नियन्त्रणमा लिएको छ । मिहोत्तरी बर्दिबास नगर पालिका ३ कालापानी स्थित सिरहा जिल्लाको लहानबाट काठमाण्डौ तर्फ जाँदै गरेको ना ८ ख ३१९७ नम्बरको मिनि ट्रकलाई नियन्त्रणमा लिएको हो । बिषेश सुचनाको आधारमा ट्रकलाइ रोकी चेकजाँच गर्दा काजु १०० डिब्बा, जिरा ३०० किलो, चामल १८ बोरा, भुजा ४१ बोरा, च्यूरा ६ बोरा र २०० काटुन थान चकलेट गरी २५ लाख २७ हजार ३ सय बराबर को सामानसहित ट्रक र चालक सिन्धुली गढी गाउँपालिका ६ बस्ने ३३ वर्षीय गंगा बहादुर दर्जीलाई समेत नियन्त्रणमा लिएको जनाएको छ । नियन्त्रणमा लिएको मालसमानसहितको मिनी ट्रक आवश्यक कारबाहीको लागि जलेश्वर भन्सार कार्यालय मलिवारामा बुझाइएको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ ।

## घर भाडा सम्बन्धी सूचना



महोत्तरीको गौशाला नगरपालिका ५ स्थित समिर गेष्ट हाउस रहेको भवनको पहिलो तला खाली रहेको हुँदा भाडामा लिन चाहनु हुने व्यक्ति अथवा संस्थाले विस्तृत जानकारी एवं उक्त स्थान अवलोकनको लागि तपशिल बमोजिमका ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

**घरधनीको नाम : साबिर हुसेन**
**ठेगाना : गौशाला नगरपालिका ५**
**मो. : 9819879988, 9844275864**

"समयमा आफ्नो स्वास्थ्य जाँच गराउ र स्वस्थ रहौं ।"

LIVER FUNCTION TEST
- Bilubine Total/Direst
- SGOT
- SGPT
- ALP
- Total Protine
- Albumine
- Globline
- AG-Ratio
- GGT

Rs. 2800/

WHOLE BODY CHECKUP
-CBC
- RBC
- LFT/RFT
- TSH
- URINE R/E
- LIPID PROFILE
- USG/ECG/X-RAY

Rs. 6000/

CARDIAC PROFILE
- CPK
- CK MB
- SGOT
- TROPONIN
- LDH
- TOTAL CHOLESTEROL
- TRIGCYCERIDE

Rs. 5000/

DIABETS PACKAGE
- URIN R/E
- RFT
- LIPID PROFILE
- CBC
- Glucose/F/PP
- MICRO AIBUMIN
- HBAIC

Rs. 4800/

"गुणस्तरीय सेवा, हाम्रो प्रतिबद्धता"

# शुभ स्वस्तिक हस्पिटल प्रा.लि.

बर्दिबास नगरपालिका-१४, औरही रोड (महोत्तरी)
सम्पर्क : ०४४-५५०२५५, ९८४४०१५६१६, एम्बुलेन्स : ९८१२०८५६०४




बर्दिबास मिडिया प्रा.लि. द्वारा प्रकाशित, अध्यक्ष : अन्जीत कुमार चौधरी, सम्पादक : रंजुकुमारी साह, सल्लाहकार सम्पादक : ईश्वरी काफ्ले, प्रवन्धक : बिनोद ढुंगेल, साजसज्जा : बिबेक कुमार महतो
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com